# स्थानीय राजपत्र

| नौकुण्ड गाउँपालिका रसुवाद्धारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ९ | संख्याः २ | मितिः २०८२/०५/३१ |

## भाग -२

**मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२**

**स्वीकृत गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

**सम्बत् २०८२ सालको कार्यविधि संख्या २**

## मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना**: नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारको सूचीमा रहेको मेलमिलाप र मध्यस्थता सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ बमोजिम गठन हुने न्यायिक समितिले सोही ऐनमा उल्लेख गरिएका विवाद मेलमिलापको माध्यमबाट समाधान गर्ने कार्यमा सहयोग गर्न मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

नौकुण्ड गाउँपालिका, रसुवा

नौकुण्ड गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ दफा ९३ ले दिएको अधिकार प्रयोग गरी यो मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ जारी गरेको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.**परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले यस कार्यविधि बमोजिम स्थापना भएको मेलमिलाप केन्द्र सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले नौकुण्ड गाउँपालिका गाउँ कार्यपालिकको कार्यालय सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले कुण्ड नौकुण्ड गाउँपालिका सम्झनु पर्छ।

(ङ) "दोस्रो पक्ष" भन्नाले पहिलो पक्षको निवेदनको आधारमा मेलमिलाप वार्ताको लागि मेलमिलाप केन्द्रले बोलाएको विवादको पक्ष सम्झनु पर्छ।

(च) "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ बमोजिम गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा गठित न्यायिक समिति सम्झनु पर्छ।

(छ) "पहिलो पक्ष" भन्नाले विवाद समाधानको लागि मेलमिलाप केन्द्रमा निवेदन दिने व्यक्ति सम्झनु पर्छ।

(ज) "पक्ष" भन्नाले विवादका पक्ष सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ञ) "मेलमिलाप" भन्नाले प्रचलित कानून बमोजिम मेलमिलाप हुनसक्ने प्रकृतिका विवादमा मेलमिलाप गराउने गरी गाउँपालिकाबाट संचालित सेवा सम्झनु पर्छ। र यो शब्दले नौकुण्ड गाउँपालिकाको स्वीकृतिमा समुदायमा संचालन भएको सामुदायिक मेलमिलाप सेवालाई समेत जनाउने छ।

(ट) "मेलमिलापकर्ता" भन्नाले पक्ष बीचको विवादलाई छलफलद्वारा सहज वातावरण सृजना गर्न तथा सो विषयमा सहमति कायम गर्नका लागि उत्प्रेरित गर्न मेलमिलाप सम्बन्धी आधारभूत तालिम लिई गाउँपालिकामा सूचीकृत व्यक्ति सम्झनु पर्छ।

(ठ) "मेलमिलाप सत्र" भन्नाले मेलमिलापकर्ताले मेलमिलाप प्रकृयाद्वारा विवाद समाधानका लागि विवादका सरोकारवालाको रूपमा रहेका विवादका पक्ष सम्मिलित सुरक्षित एवं सहज स्थानमा वार्ता तथा छलफल गराउने उद्देश्यले संचालन गरिने बैठक सम्झनु पर्छ।

(ड) "वडा" भन्नाले नौकुण्ड गाउँपालिकाको वडा सम्झनु पर्छ।

(ढ) "सेवा सुविधा" भन्नाले नौकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्धारा संचालन गरेका सबै वडा र गाउँपालिकामा रहेका मेलमिलापकर्ताले मेलमिलाप गराए वापत प्राप्त गर्ने खाजा नास्ता र यातायत लाई सम्झनु पर्छ ।

## परिच्छेद– २

३. **<u>मेलमिलापकर्ता लाई खाजा,नास्ता र यातायात खर्च उपलब्ध हुने :</u>** (१) नौकुण्ड गाउँपालिकाले मेलमिलापकर्ताहरुलाई देहायको अवस्थामा देहाय बमोजिमको खाजा,नास्ता र यातायात खर्च उपलब्ध गराउने छ:-

(क) मेलमिलापकर्ताको नियमित रुपमा बैठकमा आए वापत खाजा,नास्ता र यातायात खर्च प्राप्त गर्न छ।

(ख) मेलमिलाप केन्द्रमा मेलमिलाप गराए वापत यातायात खर्च रकम प्राप्त गर्ने छ ।

(ग) मेलमिलाप केन्द्रमा एउटा विवाद मेलमिलाप गरे वापत यातायात खर्च रु.१५००।— (अक्षरुपी एक हजार पाँच सय रुपैयाँ) मात्र उपलब्ध गराईनेछ । उक्त रकम प्रति मेलमिलापकर्तालाई रु ५००।-(पाँच सय रुपैयाँ) मात्रका दरले प्राप्त गर्नेछन् ।

(घ) मेलमिलाप सत्रमा ३ जनाको मेलमिलापकर्ताको टोली रहनेछ ।

(ङ) मेलमिलापकर्ताले मेलमिलाप हुँदा सहमती हुन(सके) भए सहमती पत्रको फोटोकपी र सहमती हुन नसके, सोही व्यहोराको प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(च) मेलमिलापकर्ताले मेलमिलाप गर्दा, प्रत्येक छलफलको छलफल भएको दिनको सुविधा पाँउने छन् तर एउटा विवादमा तीन पटक भन्दा बढी( सेसन) छलफल भएमा सो भन्दा बढीको भुक्तानी पाउँने छैनन् ।

(छ) कारण बस ३ जना मेलमिलापकर्ता उपस्थित नभई २ जना मेलमिलापकर्ता बाट विवाद समाधान गर्न मेलमिलाप प्रक्रियामा बसे पनि सोही दरले भुक्तानी पाईने छ ।

(ज) मेलमिलापकर्ताहरुले मेलमिलाप प्रक्रियामा बसी मेलमिलाप,प्रक्रियामा सहभागी भए सहमती भएको सहमती हुन नसके मेलालिपाल हुन नसकेको प्रतिवेदनको विवरण प्रत्येक महिना न्यायिक समिति समक्ष एक प्रति उपलब्ध गराउनु पर्नेछ ।

(झ) मेलमिलाप गराउँदा आवश्यक पर्ने मसलन्द सम्बन्धीत वडा वा न्यायिक समितिले उपलब्ध गराउने छ ।

## परिच्छेद-३

## विविध

४. **कार्यविधिको व्याख्या:** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ ।

५. **कार्यविधि संशोधन:** यस कार्याविधिका प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

६. **बाधा अड्चन फुकाउ:** स्थानीय सरकार संचालन ऐन,२०७४ र नौकुण्ड गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

**प्रमाणिकरण मितिः २०८२/०५/३१**

**आज्ञाले**

**सुर्य बहादुर तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**

नौकुण्ड गाउँपालिका, रसुवा